# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल आर्थिक पत्रकार सङ्घको एक प्रतिनिधि मण्डलले आज गभर्नर डा. युवराज खतिवडासँग भेट गरी नयाँ मौद्रिक नीतिमा भएको व्यवस्था, भुक्तानी सन्तुलन तथा रेमिट्यान्स तथ्याङ्क, देशमा बैकिङ सेवाको पहुँच लगायतका विषयमा नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गरायो ।

सो अवसरमा गभर्नर डा. खतिवडाले नेपालको भुक्तानी सन्तुलनमा देखिएको समस्या पहिचान गरी सुधार गर्नका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषबाट आगामी अक्टोबर महिनामा एक विशेषज्ञ टोली आउने जानकारी दिनुभयो ।



निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरूमा पनि स्वतन्त्र रुपले कर्मचारी नियुक्ति गर्ने व्यवस्था लागु हुनुपर्ने धारणा राख्दै उहाँले बैंकहरूले संस्थाको हितका लागि बनाइएको कर्मचारी विनियमावली समेत पालना नगरिनु दु:खको कुरा भएको बताउनुभयो ।

नयाँ मौद्रिक नीतिमा उल्लिखित बैंकहरूले एक आपसमा ब्याज आर्जन हुनेगरी बचत खाता खोल्न नपाउने नीतिले बैंकहरूमा कृत्रिम रुपले निक्षेप बढेको देखाउने परिपाटीलाई सुधार गर्न खोजेको उल्लेख गर्दै उहाँले बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपकर्ताको हित रक्षा, ऋणीको सेवा सुविधा, शेयरधनीको प्रतिफलका साथै देशको आर्थिक विकासमा सहयोग गरी चार वटा दायित्व सफलतापूर्वक बहन गर्नुपर्ने कुरा दोहोऱ्याउनुभयो । देशको आर्थिक विकासले गति लिएमा बैंक तथा वित्तीय संस्थाहरूलाई आफ्नो सेवा विस्तार गर्न सजिलो हुने उहाँको धारणा थियो ।

देशको ग्रामीण क्षेत्रका जनताले के कति बैंकिङ सेवा पाएका छन् भन्ने यकिन गर्न नेपाल राष्ट्र बैंकले ग्रामीण कर्जा सर्वेक्षण सञ्चालन गर्न लागेको गभर्नर डा. खतिवडाले सो अवसरमा बताउनुभयो ।

कार्यक्रममा नेपाल आर्थिक पत्रकार सङ्घका अध्यक्ष अमृत खरेल लगायतका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

मिति: २०६७।४।२४

गभर्नरको कार्यालय